सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३

च.न. १८४२

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान लुम्बिनी प्रदेश,नेपाल २०७३

मितिः २०८३।०३।८

श्री विषयगत शाखाहरु ।

श्री सबै वडा कार्यालयहरु ।

सरुमारनी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८३।०३।५ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

२०८३/३/८

(त्रिविक्रम खड्का)

प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का

प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

CamScanner

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झगबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**बैठक संख्या-८०**

**मिति २०८३।०३।५ गते**

**गाउँकार्यपालिकाको असियौं बैठकका प्रस्तावहरुः**

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. आ.ब. २०८३।०८४ को बजेट तथा कार्यक्रम सम्बन्धि छलफल।

३. वडा नं ५ को मर्मत संभार योजनाको भुक्तानी सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

६. सडक हेरालु/सडक मर्मतकर्ता सम्बन्धमा ।

७. बिबिध सम्बन्धमा।

- जनता मा.वि.को खानेपानी समस्या सम्बन्धमा ।
- मध्यमकालिन खर्च संरचना र जेसी अडिट प्रतिबेदन सम्बन्धमा ।
- फोर्साबाङ्ग बस्तीको बर्षे सिचाई सम्बन्धमा ।
- आन्तरिक राजश्व सम्बन्धमा ।
- अन्य विषयहरु ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

झगबहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-८०

## मिति २०८३।०३।५ गते

## गाउँकार्यपालिकाको असियौं बैठकका निर्णयहरु:

**निर्णय नं.१ प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं.१. माथि छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०८३।२।२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था र हाल सम्मको प्रगती, गाउँपालिकाबाट गठित आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत तथा सुशासन सिमितिको चालु आ.व.को प्रगति प्रतिवेदनको विषयमा छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं. २ आ.ब. २०८३।०८४ को बजेट तथा कार्यक्रम सम्बन्धि छलफल।**

प्रस्ताव नं.२. माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आ.व.२०८३।०८४ को लागि यस गाउँपालिकालाई तपशिल बमोजिमको बजेट सिलिङ्ग प्राप्त भएको जानकारी भयो ।

तपिशल

| क्र.स. | शिर्षक | अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|
| | संघीय सरकार | | |
| १ | समानीकरण अनुदान | ८४९००००० | |
| २ | सशर्त अनुदान | १९६६००००० | |
| ३ | विशेष अनुदान | १०५००००० | |
| ४ | समपुरक अनुदान | ५५००००० | |
| ५ | राजस्व बाँडफाँड | ९५७३१००० | |
| | जम्मा | ३९३२३१००० | |
| | प्रदेश सरकार | | |
| १ | समानीकरण अनुदान | ५५९४००० | |
| २ | सवारी साधन करको बाँडफाँड | ९७१७००० | |
| ३ | विशेष अनुदान | २२००००० | |
| ४ | सशर्त अनुदान | ७८००००० | |
| ५ | समपुरक अनुदान | ७५००००० | |
| | जम्मा | ३२८११००० | |
| | पालिका | | |
| १ | आन्तरिक राजस्व | १३०००००० | |
| २ | अल्या. वैंक मौज्दात | ३००००००० | |
| | जम्मा | ४३०००००० | |
| | कुल जम्मा | ४६,९०,४२,००० | |

साथै, निम्नानुसारका निर्णयहरु गरियो ।

- उपलब्ध बजेट सिलिङ्गलाई आधार मानी योजना तथा कार्यक्रम तयार गर्ने ।
- आगामी आ.ब. २०८३।०८४ देखी सरुमारानी गाउँपालिका र सो अन्तर्गतका अस्थायी/करार कर्मचारीहरुको लागि हाल खाईपाई आएको तलवमा १० प्रतिशत तलव बृद्धि गर्ने ।
- आगामी आ.ब. २०८३।०८४ देखी सरुमारानी गाउँपालिका अन्तर्गतका विधालयहरुमा गाउँपालिका अनुदानबाट तलव भत्ता पाउने अस्थायी/करार शिक्षकहरुको हाल खाईपाई आएको तलवमा १० प्रतिशत तलव वृद्धि गर्ने ।

**निर्णय नं. ३ वडा नं ५ को मर्मत संभार योजनाको भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं.३. माथि छलफल गर्दा सरुमारानी गाउँपालिका वडा नं. ५ मा वर्षातको समयमा पटक पटक बाटो विग्रन गई गाडी संचालनको लागि यस गाउँकार्यपालिकाको मिति २०८२।६।३० गते विभिन्न सडक मर्मतको लागि रु. ३,५०,०००/- र गाउँकार्यपालिकाको मिति २०८२।७।३० गते विभिन्न सडक मर्मतको लागि रु. १,४०,०००/- वजेट विनियोजन भई उपभोक्ता समिति मार्फत मर्मतको काम भएकोमा उक्त उपभोक्ता समितिका सचिव काम सम्पन्न भएपश्चायत प्राविधिकले मूल्यांकन सम्पन्न नगर्दै जानकारी नदिई भारत तर्फ नोकरीको लागि गएको, लामो समय सम्पर्क नभएको, प्राविधिकले मूल्यांकन विल सहितका कागजात तयार गरेर खर्च सार्वजनिक र निकासा मागको लागि उपभोक्ता समितिको सचिव नभएको कारण समयमै भुक्तानीको लागि फाईल पेश हुन नसकेको र हाल उपभोक्ता समितिको सचिव परिवर्तन गरी भुक्तानीको फाईल पेश भएकोमा सम्बन्धित वडा कार्यालयले वडा समितिका पदाधिकारी, वडा स्तरीय राजनैतिक दलका प्रमुख/प्रतिनिधि, समाजसेवी, वुद्धिजिवी, शिक्षक, टोल विकास संस्थाका प्रतिनिधि लगाएतका सचेत सरोकारवालाहरुको उपस्थितिमा उक्त मर्मत आयोजना सम्पन्न भए/नभएको सम्बन्धमा एकिन गरी भुक्तानीको लागि पेश गर्दा कुनै फरक नपर्ने र फरक परेमा कानुन वमोजिम व्यहोर्ने सहितको मुचुल्काको आधारमा वडावाट प्राप्त प्रत्येक आयोजना चरणका फोटाहरु वडा अध्यक्षले प्रमाणित गरी वडा स्तरीय अनुगमन समितिनै उक्त आयोजनाको सम्पन्नता सम्बन्धमा पूर्ण रुपमा जिम्मेवार हुने गरी प्राप्त भएको प्राविधिक विल, कार्यसम्पन्न प्रतिवेदन, नापि कितावका आधारमा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय ४. आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विभिन्न ब्यक्ति/संस्थावाट माग भए वमोजिम निम्न रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- नेपाल कम्यूनिष्ट पार्टी एमाले जिल्ला कमिटी, प्यूठानको मिति २०८२।०८।८१ गतेको पत्र अनुसार पार्टीको राष्ट्रिय महाधिवेशनलाई सफलपार्न सहयोग स्वरुप रु. ५०,०००/- अन्य संघसंस्था सहायता शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- अखिल नेपाल महिला संघ, जिल्ला कमिटी प्यूठान को मिति २०८३।०२।०३ गतेको पत्र अनुसार उक्त संस्थाको प्रदेश कमिटीको दोश्रो सम्मेलन सहयोगार्थ रु. १०,०००/- अन्य संघसंस्था सहायता शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- प्यूठान उद्योग बाणिज्य संघ, प्यूठान को मिति २०८३।०२।२९ गतेको पत्र अनुसार स्थानीय तहसंगको सहकार्यमा जिल्लाका धार्मिक तथा पर्यटकिय स्थलहरुको प्रचारप्रसारको लागि सदरमुकाम खलंगामा सरुमारानी लेकको भित्ते चित्र निर्माण गरर्वापत उक्त संस्थालाई रु. २०,०००/- अन्य संघसंस्था सहायता शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा नं ४ लाहापे बस्ने सुमित्रा सारुमगरको छोरा हिम वहादुर सारु थापाको मृगौला डायलाईसिस गर्नको लागि दिर्घरोग स्वास्थ्य सहायता अन्तर्गत रु.२५,०००/- आर्थिक सहयो गर्ने निर्णय गरियो।
- सरुमारानी गाउँपालिका वडा नं १ झिलिवाङ्ग वस्ने नमाडाला मगरको छोरी मोनिका डाला मगरको क्यान्सर रोग उपचारको लागि दिर्घरोग स्वास्थ्य सहायता अन्तर्गत रु.२५, ०००/- आर्थिक सहयो गर्ने निर्णय गरियो।
- सरुमारानी गाउँपालिका वडा नं ३ पालुकाथान निवासी ओविलाल कामीको छोरा तिल बहादुर कामी मिति २०८२।१२।२१ गते रुखमा झुण्डीयर मृत्यू भएकोले निजको मृत शरीरलाई पोष्टमार्टम कार्यकालागि प्यूठान जिल्ला अस्पतालमा लाने ल्याउने कार्य गरेवापत गाडी प्रयोग भएकोले सरुमारानी-३ धुवाकोट निवासी किरण राना मगरलाई शव पोष्टमार्टम प्रयोजनको गाडी प्रयोग भएकोले रु.२३,०००/- विविध शिर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ त तपिशलका योजना तथा कार्यक्रमहरु आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र. स. | स्वीकृत योजना तथा कार्यक्रमको नाम | बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनशक्ति परिचालन ( स्रोत केन्द्र जनशक्ति/दैनिक ज्यालादारी) | १२,१६,००० /-मध्ये बचत रु ३१४४७५/ | बिविध शिर्षक | ३०,०००/- | कृषि तथा पशुपंक्षि स्रोत केन्द्र |
| २ | कार्यक्रम खर्च | चालु-कार्यक्रम खर्चको मध्येबाट | अन्य संघ संस्था सहायता | २,००,०००/- | |
| | | | दीर्घरोग आर्थिक सहायता कार्यक्रम | १,००,०००/- | |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अनाथ वालवालिका सहयोग कार्यक्रम | ६,००,०००/- | अनाथ वालवालिका सहयोग कार्यक्रम | ५,००,०००/- | |
| | | | ग बर्गको अपाङ्गता भत्ता | १,००,०००/- | |

स्वास्थ्य तर्फको संशोधित कार्यक्रम

| सि.नं. | स्वीकृत कार्यक्रम | रकम | सि.नं. | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | टि.टि. खोप खरिद | ५०००० | १ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आधारभूत तालिम खाना खर्च | १५००० |
| | | | २ | पूर्ण संस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा कार्यक्रम | ३५००० |
| २ | अपांग अस्पतालसंगको साझेदारी कार्यक्रम | ४००००० | ३ | अपांग अस्पतालसंगको साझेदारी कार्यक्रम | २६८००० |
| | | | ४ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | १३२००० |
| ३ | क्षयरोग मुक्त अभियान विभिन्न कार्यक्रम संचालन | १००००० | ५ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | १००००० |
| ४ | गर्भवती महिलालाई खतरायुक्त काममा नलगाउने ब्यवस्था कार्यान्वयनको अवस्था तथा आमाको दुधलाई प्रतिस्थापन गर्ने खाद्य बस्तुको अनुगमन तथा नियमन | २५००० | ६ | प्रसुति सेवामा जटिलता भै प्रेषणका लागि एम्बुलेन्स यातायात सहायता | २५००० |

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका कडाखाले दिर्घरोगी विरामीहरूलाई स्वास्थ्य विमा सहायता कार्यक्रम | १००००० | ७ | संस्थागत प्रसुति सेवा लिनेहरूका लागी नव-शिशु स्याहार हाइजेनिक सामाग्री तथा सुत्केरी पोषण अण्डा कार्यक्रम | १००००० |
| ६ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क वितरण औषधि र सामाग्री खरिद, रिप्यापिङ तथा ढुवानी | १०००००० | ८ | संस्थागत प्रसुति सेवा लिनेहरूका लागी नव-शिशु स्याहार हाइजेनिक सामाग्री तथा सुत्केरी पोषण अण्डा कार्यक्रम | १००००० |
| | | | ९ | ददेरी आधारभूत स्वास्थ्य सेवा केन्द्र वर्थिङ सेन्टर मर्मत तथा टायल बिछ्याउने | ६५००० |
| | | | १० | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्सहन तथा यातायात खर्च | ४०८००० |
| | | | ११ | स्वास्थ्य संस्थहरूलाई मोर्विडिटि सोधभर्ना खर्च | २००००० |
| | | | १२ | गाउँघर/खोप क्लिनिक संचालन यातायात तथा ब्यवस्थापन कार्यक्रम | २२७००० |
| | जम्मा | १६७५००० | | जम्मा | १६७५००० |

**निर्णय नं. ६ सडक हेरालु/सडक मर्मत कार्यकर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३।२।२८ गतेको सिफारिस निर्णय बमोजिम वडा समितिबाट छनौट तथा सिफारिस भएका सडक हेरालु/मर्मत कार्यकर्ता गत वर्ष जस्तै यस वर्ष पनि वडा नं. १-४ सम्म २/२ जना र वडा नं. ५ र ६ मा ३/३ जनासंग दैनिक रु. ७५४.० पारिश्रमिक पाउने गरी ज्यालादारीमा ३ महिनाको लागि करार संझौता गरी परिचालन गर्ने निर्णय गरियो ।साथै

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

विगतमा गरेको कामको आधारमा पूराना सडकका हेरालुलाई प्राथमिकता दिने गरी वडा समितिको सिफारिसको आधारमा हेरालु नियूक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ बिबिध सम्बन्धमा।**

- **जनता मा.वि.को खानेपानी समस्या सम्बन्धमा ।**

  श्री जनता मा.वि. सरुमारानी-४ बङ्गाडाको मिति २०८३।३।४ गतेको पत्र अनुसार उक्त विधालयमा खानेपानीको अत्यधिक समस्या परेको भनि माग निवेदन पेश भएकोले बैकल्पिक मूलबाट पानी ल्याउनको लागि कार्यालयले पाईप खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

- **मध्यमकालिन खर्च संरचना र जेसी अडिट प्रतिबेदन सम्बन्धमा ।**

यस गाउँपालिकाको परामर्शदाता मन्त्र कन्सल्टेन्सी प्रा.लि. नागार्जुन-६ काठमान्डौबाट तयार गरिएको मध्यमकालिन खर्च संरचना र GESI अडिटको मस्यौदा प्रतिवेदनलाई स्वीकृत गर्ने र अन्तिम प्रतिबेदन कार्यालयमा प्राप्त भई सके पश्चायत भुक्तानी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

- **फोर्सावाङ्ग बस्तीको बर्षे सिचाई सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं. १ का कृषकहरुले लिफ्टसिचाई मार्फत वर्षे धानखेती गर्नको लागि बर्षाको धमिलो पानी तान्ने पम्प माग भएकोले निजहरुको माग अनुसार कार्यालयबाट पानी तान्ने पम्प खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

- **आन्तरिक राजश्व सम्बन्धमा ।**
  - सरुमारानी गाउँपालिकाका बङ्गाडा, दर्भान र सानाकिसान क्षेत्रबाट गाउँपालिकाले फोहरमैला संकलन गरी डम्पिङ्ग साईडमा संकलन गर्ने भएकोले उक्त वस्तिका घरधनीहरुबाट मासिक रु २०/- का दरले सरसफाई शुल्क लिने निर्णय गरियो ।
  - वडा कार्यालयहरुले बैंकिङ्ग र वैदेशिक लगाएतका प्रयोजनका लागि जग्गाको मूल्यांकन सिफारिस गर्दा सिफारिस शुल्क प्रति लाख रु.५०/-का दरले सिफारिस शुल्क लिने निर्णय गरियो ।
- **अन्य विषयहरु ।**
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८३ स्वीकृत गरियो ।
- पालिका भवन घेरवार योजनाबाट रकमान्तरण गरी पालिका भवन अगाडी बाटो मर्मत कार्यका लागि रु.२०,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८३/०३/७

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष